# स्थानीय राजपत्र


## छत्रकोट गाउँपालिका, गुल्मीद्वारा प्रकाशित

खण्डः ७ संख्याः १ मितिः २०८०।०२।०३


## भाग - २

## छत्रकोट गाउँपालिका, गुल्मीको सूचना

# छत्रकोट गाउँपालिकाको भूउपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्ड, २०८०

गाउँ कार्यपालिका बैठकबाट स्वीकृत मितिः २०८०।०१।३१

# छत्रकोट गाउँपालिकाको भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्ड, २०८०

मितिः२०८०।०१।३१

**प्रस्तावना**

छत्रकोट गाउँपालिकाको कार्यक्षेत्र भित्रको जग्गालाई भू-बनौट, भूमिको क्षमता तथा उपयुक्तता, भूमिको मौजुदा उपयोग र स्थानीय आवश्यकता समेतका आधारमा भूमिलाई भू-उपयोग क्षेत्रमा वर्गीकरण गर्न वाञ्छनीय भएकोले भू-उपयोग ऐन, २०७६ को दफा (६) र भू-उपयोग नियमावली, २०७९ को नियम (५) ले दिएको अधिकार प्रयोग गरि छत्रकोट गाउँपालिकाको स्थानीय भूउपयोग परिषद्ले यो मापदण्ड बनाएको छ।

## परिच्छेद– १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम छत्रकोट गाउँपालिकाको भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्ड, २०८० रहेको छ ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमाः–

(क) **"आवासीय क्षेत्र"** भन्नाले मानवीय बासस्थानको लागि प्रयोग भएका घर रहेको जग्गा तथा घरसँग जोडिएको वा नजोडिएको गोठ, भकारी, ग्यारेज, तवेला, इनार, फलफुल बगैंचा, करेसाबारी, आँगन वा त्यस्तै अरु कुनै काममा प्रयोग गरिएको जग्गा सम्झनु पर्छ र सो शब्दले बसोबासको लागि प्रचलित कानून बमोजिम तोकिएको कुनै क्षेत्रलाई समेत जनाउँछ।

(ख) **"औद्योगिक क्षेत्र"** भन्नाले कुनै पनि कार्यस्थल वा वस्तु उत्पादन गर्ने उद्योग तथा सो सञ्चालन गर्ने प्रयोजनको लागि निर्माण गरिएका भवन, घर, टहराले चर्चेको जग्गा लगायत सो प्रयोजनको लागि छुट्याईएका जग्गा सम्झनु पर्छ र सो शब्दले कुनै निश्चित भौगोलिक क्षेत्रमा उद्योग प्रवर्द्धन गर्ने उद्येश्यले प्रचलित कानून बमोजिम तोकिएको विशेष क्षेत्रलाई समेत जनाउँछ।

(ग) **"वडा कार्यालय"** भन्नाले छत्रकोट गाउँपालका भित्रको सम्बन्धित वडा कार्यालय भन्ने सम्झनु पर्दछ।

(घ) **"कृषि क्षेत्र"** भन्नाले कृषि बाली उत्पादन, पशुपन्छीपालन, फार्महाउस, मत्स्यपालन, माहुरीपालन, रेशमखेति लगायत कृषिजन्य उत्पादन, बागवानी वा वनबाटिका, जडिबुटी र कृषि वनको लागि प्रयोग भएको वा हुन सक्ने जग्गा सम्झनु पर्दछ।

(ङ) **"खानी तथा खनिज क्षेत्र"** भन्नाले प्रचलित कानून बमोजिम खानी तथा खनिज पदार्थको उत्खनन, उत्पादन, शुद्धीकरण, प्रशोधन, सञ्चय गर्ने प्रयोजनले छुट्याइएको क्षेत्र सम्झनु पर्छ।

(च) **"भूमि"** भन्नाले पृथ्वीको सतह, सतहभन्दा सिधा तल पृथ्वीको केन्द्रसम्म र सतहभन्दा माथि पृथ्वीको गुरुत्वाकर्षणले भेट्ने सीमासम्मको भाग सम्झनु पर्छ।

(छ) **"वन क्षेत्र"** भन्नाले प्रचलित कानून बमोझिम तोकिएको वन क्षेत्र सम्झनुपर्छ।

(ज) **"व्यावसायिक क्षेत्र"** भन्नाले बैङ्क,सहकारी र वित्तीय संस्था,पसल,होटल,प्रदर्शनी कक्ष,पेट्रोल पम्प,गोदामघर,चलचित्रघर,स्वास्थ्य,सञ्चार,मनोरञ्जन सम्बन्धी सेवा,वस्तुको खरिद विक्री हुने स्थान,कुनै साहित्यिक,वैज्ञानीक,प्राविधिक सेवा,सूचना तथा परामर्श उपलब्ध गराउने संस्था,अन्य कुनै व्यावसायिक प्रयोजनको लागि निर्माण गरिएका भवनले चर्चेको जग्गा तथा सो प्रयोजनको लागि छुट्याएका जग्गा तथा पर्यटन व्यवसायले चर्चेको जग्गा सम्झनु पर्छ र सो शव्दले कुनै निश्चित भौगोलिक क्षेत्रमा बजार विस्तार गर्ने गरी प्रचलित कानून बमोजिम तोकिएको क्षेत्रलाई समेत जनाउँछ।

(झ) **"सांस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र"** भन्नाले धार्मिक स्थल, धर्मशाला, पुरातात्विक महत्वका दरवार तथा प्रचलित कानून बमोजिम सांस्कृतिक तथा पुरातात्विक महत्त्वका भनी तोकिएका क्षेत्र सम्झनु पर्छ।

(ञ) **"सार्वजनिक उपयोगको क्षेत्र"** भन्नाले विद्यालय, विश्वविद्यालय, छात्रावास, अन्त्येष्टिस्थल, सडक, सिँचाई कुलो वा नहर, इनार, कुवा, चौतारी, पाटी, पौवा, गौशाला, उद्यान, बसपार्क, विमानस्थल, गौचर, खेलकुद मैदान तथा अन्य सार्वजनिक उपयोगको लागि निर्माण गरिएका भवन, घर, टहरा, स्थान तथा त्यस्ता संरचनाले चर्चेको जग्गा सम्झनु पर्छ र सो शब्दले कुनै निश्चित भौगोलिक क्षेत्रमा सार्वजनिक उपयोगको क्षेत्र भनी प्रचलित कानून बमोजिम तोकिएको क्षेत्रलाई समेत जनाउँछ।

(ट) **"स्थानीय भू-उपयोग परिषद्"** भन्नाले भू-उपयोग ऐन, २०७६ को दफा १८ बमोजिमको भू-उपयोग परिषद् सम्झनु पर्छ।

(ठ) **"स्थानीय भू-उपयोग कार्यान्वय समिति"** भन्नाले भूउपयोग ऐन,२०७६ को दफा २० बमोजिमको भूउपयोग कार्यान्वयन समिति सम्झनु पर्छ।

**३. भूमिलाई भू-उपयोग क्षेत्रमा वर्गीकरण सम्बन्धी मापदण्डतथा आधारः-** यस गाउँपालिका भित्र देहाय बमोजिम प्रयोग भएका जग्गालाई तपसिल बमोझिम वर्गिकरण गर्नेः-

१) हाल उपयोगमा रहेको जग्गालाई यस मापदण्डमा उल्लेख भएमा बाहेक सोही क्षेत्रमा वर्गिकरण गर्ने।

२) हाल उपयोगमा रहेका नदीनाला, ताल, तलैया, पोखरी (निजीबाहेक) लगायतका पानीजन्य उपयोग क्षेत्रलाई नदी, खोला, ताल, सीमसार क्षेत्रमा वर्गिकरण गर्ने।

३) खानी तथा खनिज जन्य पदार्थको उत्खनन,उत्पादन, शुद्धीकरण, प्रशोधन, सञ्चय गर्ने प्रयोजनले कानून बमोजिम संघ, प्रदेश तथा स्थानीय तहबाट स्वीकृती प्राप्त गरेका क्षेत्रलाई खानी तथा खनिज क्षेत्रमा वर्गिकरण गर्ने।

४) हाल कायम सबै किसिमका वन पैदावर क्षेत्र(निजी जग्गामा भएको बाहेक) लाई वन क्षेत्रमा वर्गिकरण गर्ने।

५) हाल उपयोगमा रहेका रहेका धार्मिक स्थल, धर्मशाला, पुरातात्विक महत्वका दरवार,मठ मन्दिर,मस्जित,गुम्बा,चर्च लगायतका धार्मिकतथा पुरातात्विक महत्वका क्षेत्रलाई सांस्कृतिक तथा पुरातात्विक महत्त्वको क्षेत्रमा वर्गिकरण गर्ने।

६) नेपाल सरकार उद्योग मन्त्रालयबाट स्वीकृती लिएर औद्योगिक क्रियाकलापमा प्रयोग भएको जग्गा (आफ्नै स्वामित्वको जग्गामा गरिएको) लाई औद्योगिक क्षेत्र निर्धारण गर्ने।

७) सरकारी, सार्वजनिक तथा सामुदायिक प्रयोजनका लागि प्रयोग भएका जग्गालाई सार्वजनिक क्षेत्रमा वर्गिकरण गर्ने।

८) सरकारी, सार्वजनिक तथा सामुदायिक प्रयोजनका लागि प्रयोग भएका विद्यालय, विश्वविद्यालय, छात्रावास, अन्त्येष्टिस्थल, सडक, सिँचाई कुलो वा नहर, इनार, कुवा, चौतारी, पाटी, पौवा, गौशाला, उद्यान, बसपार्क, विमानस्थल, गौचर, खेलकुद मैदान तथा अन्य सार्वजनिक उपयोगको लागि प्रयोग भएको वा सार्वजनिक प्रयोगको लागि निर्माण गरिएका भवन, घर, टहरा, स्थान तथा त्यस्ता संरचनाले चर्चेको जग्गालाई सार्वजनिक उपयोगको क्षेत्रमा वर्गिकरण गर्ने।

**४. वडागत रुपमा आवासीय क्षेत्र र व्यावसायिक क्षेत्रको वर्गिकरणः-**

*१) वडा नं. १, हुँगाका देहायबमोजिमका क्षेत्रमा रहेका जग्गालाई आवासीय क्षेत्रमा वर्गिकरण गर्ने।*

क) सिमलडाँडाँ देखि भामपोखरा भैचरी पिपल सम्म मोटरबाटोको दायाँ वायाँ २५ मिटरको क्षेत्र।

ख) भेडुवा चोरकाटे मो.बा अन्तर्गतको उपल्लो तोल्घाको बाँझा खर्क  देखि तल्लो तोल्घाको डाँङग्रीपोखरा-कालिका थान-सिर्तुङ्ग सम्मको दायाँ वायाँ २५ मिटरको क्षेत्र।

ग) उपल्लो डोम्मी देखि तल्लो डोम्मी सम्मको दायाँ वायाँ १५ मिटरको क्षेत्र।

घ) गुन्टुङ्ग सिस्ने मोटरबाटो अन्तर्गत पर्ने झेर्दी चौर- थुम्का- कोर्लुक- ठूलाखर्क- बोटेगाउँ-पोखरीखर्क -सोग्दी टोल बस्ती अन्तर्गतको दायाँ वायाँ २५ मिटरको क्षेत्र।

ङ) सुन्दरवस्ती- कोटटोल-ऐयाँ-बरकोरुख- बयरपोखरा-सत्यवती टोल क्षेत्रको मो.बा अन्तर्गतको दायाँ वायाँ १५ मिटरको क्षेत्र।

च) रिपोटोल देखि छापडाँडाँ- ओखरा टोल मो.बाको दायाँ १५ मिटरको क्षेत्र।

छ) ठूलापोखरा देखि चौर मो.बा अन्तर्गतको दायाँ वायाँ १५ मिटरको क्षेत्र।

ज) बर्जियाँ पधेरा देखि कोटाग्दी सम्म मो.बा अन्तर्गत पर्ने टुनिपाटा-माधेडाँडाँ- भुसाल टोल सम्मको सडकको दाँयाँ वायाँको १५ मिटरको क्षेत्र।

झ) गुन्टुङ्ग जुरेलीधारा देखि सिरानाटोल सन्यासिको घर सम्म सडकको दाँयाँ वायाँको १५ मिटरको क्षेत्र।

२) *__वडा नं. १, हुँगाका देहायबमोजिमका क्षेत्रलाई व्यावसायिक क्षेत्रमा वर्गिकरण गर्ने।__*

क) गुङटुङ्ग-ठूलापोखरा-कोट सडकखण्ड अन्तर्गतको गुङटुङ्ग जनचेतना आ.वि देखि ईश्वरी प्रसाद भण्डारीको घर सम्मदाँयाँ वायाँ २५ मिटर ।

ख) गुङटुङ्ग-ठूलापोखरा-कोट सडकखण्ड अन्तर्गतको जुरेली धारा देखि ठूटेपिपल भामपोखरा चोक सम्म दाँयाँ वायाँ २५ मिटर

ग) गुङटुङ्ग-ठूलापोखरा-कोट सडकखण्ड अन्तर्गतको भुईचरी पिपल देखि वडा कार्यालय जाने चोक सम्म दाँयाँ वायाँ २५ मिटर

घ) गुङटुङ्ग-ठूलापोखरा-चोरकाटे सडकखण्ड अन्तर्गतको ठूलापोखरा देखि रिप्पाटा गैरा सम्म दाँयाँ वायाँ २५ मिटर।

३) *__वडा नं. २, पल्लिकोटका देहायबमोजिमका क्षेत्रमा रहेका जग्गालाई आवासीय क्षेत्रमा वर्गिकरण गर्ने।__*

क) सिरौदी-झाँईनडाँडाँ- काफलठुटा-पाताल टोल मो.बा को दायाँ वायाँको १५ मिटरको क्षेत्र।

ख) पाल्टुङ घुम्ती देखि ग्वाघा-पिपलडाँडाँ-तल्लोटोल सम्मको मो.बाको दायाँ वायाँको १५ मिटरको क्षेत्र।

ग) ग्वाघाको पिपलपोखरा आ.वि देखि करौंदी टोलसम्म मो.बा. दायाँ वायाँको १५ मिटरको क्षेत्र।

घ) ढाङ्ग्रेदेखि पाल्टुङ्ग –मुख्यटोल-एक्ले बस्ती सम्मको मो.बाको दायाँ वायाँको १५ मिटरको क्षेत्र।

ङ) गंगापोखरा देखि कोटडाँडाँ-पचभैयाटोल-खुमबारी-बहुलडाँडाँ बस्ती सम्मको मो.बाको दायाँ वायाँको १५ मिटरको क्षेत्र।

च) लुमरुक देखि भैसिराङ्ग-दाईछाप-कोलधरी-लेकालीडाँडाँ-टारिछाप वस्ती सम्मको मो.बाको दायाँ वायाँको २५ मिटरको क्षेत्र।

छ) ओसेर्गा देखि ताराहान्ने-चिउरेस-मत्लापोखरा वस्ती सम्मको मो.बाको दायाँ बायाँको १५ मिटरको क्षेत्र।

ज) बुटिल देखि शेल्फुक- अर्गल वस्ती सम्मको मो.बाको दायाँ वायाँको १५ मिटरको क्षेत्र।

झ) वंशेदी देखि सेनवारी-रिप्पाटा-ढिलिम टोल बस्ती सम्मको मो.बाको दायाँ वायाँको १५ मिटरको क्षेत्र।

ञ) ढाव देखि जेजा-भण्डारटोल वस्ती सम्मको मो.बाको दायाँ वायाँको २५ मिटरको क्षेत्र।

*४) <u>वडा नं. २, पल्लिकोटका देहाय बमोजिमका क्षेत्रलाई व्यावसायिक क्षेत्रमा वर्गिकरण गर्ने।</u>*

क) रिडि - तम्घास सडक खण्ड अन्तर्गत भेडुंवा बजार क्षेत्र अन्तर्गत पल्लिकोट गेट सम्मको दायाँ वाँयाको १०० मिटरको क्षेत्र।

ख) ओसेर्गा जाने चोक देखि कोलधरी स्कुल सम्मको दायाँवाँयाको २५ मिटरको क्षेत्र।

*५) <u>वडा नं. ३, हर्दिनेटाका देहाय बमोजिमका क्षेत्रमा रहेका जग्गालाई आवासीय क्षेत्रमा वर्गिकरण गर्ने।</u>*

क) भेडुवा बजार देखि लुम्छाको नरमजाने चोक सम्म सडकको दायाँ वायाँको १०० मिटर क्षेत्र।

ख) नरमजाने चोक देखि देखि देउराली चोक सम्म सडकको दाँया वायाँ तर्फको २५ मिटर क्षेत्र।

ग) लुम्छा गेट देखि डिलाराम न्यौपानेको घर सम्मकोसडकको दाँया वायाँ तर्फको १५ मिटर क्षेत्र।

घ) टिनार - भालुपानी गोरेटो बाटोको दायाँ वायाँ तर्फको २५ मिटरक्षेत्र।

ङ) चौपारी देखि वल्लो हटिया सम्म सडकको दायाँ वायाँ २५ मिटर क्षेत्र।

च) वयर पोखरा देखि डाँडाँ पोखरा सम्म सडकको दायाँ वायाँ ३० मिटर क्षेत्र।

छ) रोकाहा पिपल उपल्लो टोलदेखि चण्डिस्थान सम्म सडकको दायाँ वायाँ १५ मिटर क्षेत्र।

ज) छाप बजार क्षेत्र।

झ) भतेरपाटा – पिरेनी – खर्वरे – भुटुकचौर - अर्जेङवास सिमाना सम्म सडकको सडकको दायाँ वायाँ १५ मिटर क्षेत्र।

ञ) काउले-काभ्रे सडकको दायाँ वायाँ १५ मिटर क्षेत्र।

ट) हुँगी देखि छाप सडकको दायाँ वायाँ १५ मिटर क्षेत्र।

ठ) नरम मिलन डाँडाँ प्रतिक्षालय देखि नरम पोखरी डाँडाँ सम्मको सडकको दायाँ वायाँ १५ मिटर क्षेत्र।

ड) नरम स्कुल देखि छिस्तुङ , चल्खु सडकको दायाँ वायाँ १५ मिटर क्षेत्र।

ढ) दौडाकोट – बाँसखर्क सडकको दायाँ वायाँ १५ मिटर क्षेत्र।

ण) हर्दिनेटा - मोग्राना सडकको दायाँ वायाँ १५ मिटर क्षेत्र।

त) बाटामुनीका घर देखि कुडहर लेख नाथ कंडेलको घर सम्म सडकको दायाँ वायाँ १५ मिटर क्षेत्र।

थ) चोयगा प्रतिक्षालय देखि भगाने सम्म सडकको दायाँ वायाँ १५ मिटर क्षेत्र।

द) देउरालीवाट पुरनवारी हुँदै सिरान आटीघर- चौपारी सम्मसडकको दायाँ वायाँ २५ मिटर क्षेत्र।

ध) रानिपोखारा देखि वरारुख-टोपलाल पौड्यालको घर सम्म सडकको दायाँ वायाँ १५ मिटर क्षेत्र।

न) हर्दिनेटा तारुख देखि हर्दिखोला सम्म सडकको दायाँ वायाँ १५ मिटर क्षेत्र।

ऩ) हर्दिनेटा वडा कार्यालय देखि रिसिनडाँडाँ कोलडाँडाँ सडकको दायाँ वायाँ १५ मिटर क्षेत्र।

प) बयरपोखरा देखि काफल थुम्काहुँदै वडा कार्यालय सम्म सडकको दायाँ वायाँ १५ मिटर क्षेत्र।

६) ***वडा नं. ३, हर्दिनेटाका देहाय बमोजिमका क्षेत्रलाई व्यावसायिक क्षेत्रमा वर्गिकरण गर्ने।***

क) रिडि-तम्घास सडक खण्डको भेडुवा पोखरी देखि पल्लिकोट जाने गेट सम्मको सडकको वायाँ तर्फ को १०० मिटर सम्मको क्षेत्र।

ख) श्रृङ्गा पेट्रोल पम्प देखि वडा नम्बर ४ को सिमाना सम्मको सडकको दाँया वायाँ तर्फको १०० मिटर क्षेत्र।

ग) गैरा बजार मैनडाँडाँ मा.वि देखि रोकाहा पिपल सम्मको सडकको दाँया वायाँ तर्फको ५० मिटर क्षेत्र।

७) ***वडा नं. ४, दिगामका देहाय बमोजिमका क्षेत्रमा रहेका जग्गालाई आवासीय क्षेत्रमा वर्गिकरण गर्ने।***

क) घडेरिटोला देखि बाँझापोखरा प्रतिक्षालय सम्म( कालिकानगर व्यवसायिक क्षेत्र बाहेक) सडकको दाँया वायाँ २५ मिटर क्षेत्र

ख) बेलमुनी डहरेदेखि लम्सेक पारी टीकानिधि पन्थको घरसम्म बाटोको दाँया वायाँ २५ मिटर क्षेत्र।

ग) मौलिपुर खानेपानी टंकी देखि बोहा तिलियारे आँपसम्म सडकको दायाँवायाँ २५ मिटर क्षेत्र।

घ) छत्तीनखोला देखि सातमुरे सम्म बाटोको दायाँ बायाँ २५ मिटर क्षेत्र।

ङ) कालिकानगर बजार देखि विसौना काठेकुवा जाने बाटोको मुखसम्म बाटोको दायाँवायाँ २५ मिटर क्षेत्र।

च) हर्दिखोला पुलदेखि घेलचौर सुरिलो आँपसम्म बाटोको दायाँवायँ ३० मिटर क्षेत्र।

छ) बोखर देखि घलाम चिलाउनेपोखरी सम्म बाटोको दायँवायाँ १५ मिटर क्षेत्र।

ज) धरमपोखरा देखि श्रृङ्गा नयाँपोखरा सम्म सडकको दायँवायाँ ३० मिटर क्षेत्र।

झ) नयाँपोखरा देखि लिसेसम्म सडकको दायाँवायाँ २० मिटर क्षेत्र।

ञ) सिलिमपोखरा देखि कारपोखरा सम्म सडकको दायाँ वायाँ २० मिटर क्षेत्र।

ट) एकुल्डाँडाँ ठुलाचौर देखि बतासे शिव बहादुर वि.कको घर सम्म बाटोको दायाँ वायाँ १५ मिटरको क्षेत्र।

ठ) राम्मेडाँडाँ खानेपानी टंकी देखि लक्ष्मण पाण्डेको घरसम्म पश्चिम तर्फ १५ मिटरको क्षेत्र।

ड) वोखर देखि भाङडाँडाँ पिपलका रुख सम्म सडकको दायाँ वायाँ १५ मिटरको क्षेत्र।

८) ***वडा नं. ४, दिगामका देहाय बमोजिमका क्षेत्रमा रहेका जग्गालाई व्यवसायिक क्षेत्रमा वर्गिकरण गर्ने।***

क) तम्घास - रिडि सडक खण्ड अन्तर्गत खिर्रे देउराली देखि धरमपोखरा सम्म बाटोको दायाँवायाँ १०० मिटर क्षेत्र।

ख) कालिकानगर बजारको उत्तरतर्फको घुम्तिदेखि आदर्श मा.विको गेट सम्म बाटोको दायाँ वायाँ १०० मिटरको क्षेत्र।

ग) अँगाहा बजारको पश्चिमतर्फ चिन्ता बहादुर कुमालको जग्गादेखि छत्तिनखोला सम्म बाटोको दायाँवायाँ ३० मिटर क्षेत्र।

घ) पिपलनेटा देखि पोम कंडेलको घर सम्म दाया बाया १०० मिटर क्षेत्र |

ङ) पोम कंडेलको घरदेखि काभ्रे झर्ने बाटो सम्म उत्तरतर्फ १०० मिटर क्षेत्र |

९) ***वडा नं. ५, खर्ज्याङ्गका देहाय बमोजिमका क्षेत्रमा रहेका जग्गालाई आवासीय क्षेत्रमा वर्गिकरण गर्ने।***

क) रानीपोखरा देखि मैनडाँडाँ हुँदै जरुवा खोला सम्म मोटरबाटोको अन्तर्गत केदार नाथको घरदेखि जरुवाखोला सम्मको सडकको दाँया वायाँ तर्फको २५ मिटर क्षेत्र।

ख) भानु आ.वि देखि रुन्जाकोट हुँदै मनभाक जाने सडक सडकको दाँया वायाँ तर्फको २५ मिटर क्षेत्र।

ग) ठाटिवारी बराहरुख देखि गैरिखुट्टा सम्म सडकको दाँया वायाँ तर्फको २५ मिटर क्षेत्र।

घ) चण्डिस्थान देखि खर्ज्याङ्ग मोटरबाटोको दाँया वायाँ तर्फको १५ मिटर क्षेत्र।

ङ) आमपोखरि देखि खरिबोट बाह्रबिसे मोटरबाटोको दाँया वाँया १५ मिटर क्षेत्र।

च) गुर्जिनेटा देखि गल्फाकोट- बाह्रबिसे मोटरबाटोको दाँया वाँया १५ मिटर क्षेत्र।

छ) सुनारटोल देखि टोड्के- केहुल-मनभाक अन्तर्गतको मोटरबाटोको दाँया वाँया १५ मिटर क्षेत्र।

ज) टोड्के देखि खरेवा रिपटोला तथा खरेवा- जरुवा मोटरबाटोको दाँया वाँया १५ मिटर क्षेत्र।

झ) टोड्के देखि भालुखोला सम्मको मोटरबाटोको दाँया वाँया १५ मिटर क्षेत्र।

ञ) सालविसौना देखि अर्ज्याङ्गवास हुँदै दोमै सम्मको मोटरबाटोको दाँया वाँया १५ मिटर क्षेत्र।

ट) सालविसौना देखि चित्रेडाँडा हुँदै चिसापानी सम्मको मोटरबाटोको दाँया वाँया १५ मिटर क्षेत्र।

ठ) झिरवास देखि दोमै सम्मको मोटरबाटोको दाँया वाँया १५ मिटर क्षेत्र।

ड) खर्ज्याङ्ग देखि दोमै हुँदै नरम जाने चक्रपथको दाँया वाँया १५ मिटर क्षेत्र।

ढ) टोड्के देखि केवुल- चामडाँडाँ- भैलोखाने डाँडाँ हुँदै मनभाक जाने मोटरबाटो सम्मको मोटरबाटोको दाँया वाँया १५ मिटर क्षेत्र।

ण) ठाँटिवारी देखि वागवानी हुँदै चक्रपथ सम्मको मोटरबाटोको दाँया-वाँया १५ मिटर क्षेत्र।

त) गुर्जिनेटा देखि कोलचौपारी हुँदै देउराली सम्मको मोटरबाटोको मोटरबाटोको दाँया वाँया १५ मिटर क्षेत्र।

१०) ***वडा नं. ५, खर्ज्याङ्गका देहाय बमोजिमका क्षेत्रमा रहेका जग्गालाई व्यवसायिक क्षेत्रमा वर्गिकरण गर्ने।***

क) मदन भण्डारी राजमार्ग अन्तर्गत अधेरी खोल्सा देखि खर्ज्याङ्ग चिदिका जाने पुल सम्मको सडकको ५० मि दायाँ वायाँको क्षेत्र ।

ख) खर्ज्याङ्ग बजारको बसपार्क लगायत अमर अर्वाथोक पुल सम्मको सडकको ५० मि दायाँ वायाँको क्षेत्र ।

ग) खर्ज्याङ्ग बजारको चक्रपथ देखि जनमावि हुँदै मदन भण्डारी राजमार्ग जोड्ने सडकको दाँया वायाँको ५० मिटर क्षेत्र।

घ) मदन भण्डारी राजमार्ग अन्तर्गत हर्दिखोला पुल देखि मनभाक ढकानको खोल्सा सम्मको सडकको दाँया वायाँको ५० मिटर क्षेत्र।

११) ***वडा नं. ६, दौघाका देहाय बमोजिमका क्षेत्रमा रहेका जग्गालाई आवासीय क्षेत्रमा वर्गिकरण गर्ने।***

क) स्याङ्दी चौर देखि अधेरि गैरा हुँदै गाहाको घर सम्म सडकको दायाँ वायाँ १५ मिटरको क्षेत्र।

ख) गैरिखुट्टा कालिका मन्दिर देखि आरुगैरा टोल हुँदै दौगी पोखरा चौर सम्म सडकको दायाँ वायाँ १५ मिटरको क्षेत्र।

ग) पुतलीबजार चोक देखि हुँदै कान्तिपोखरा सम्म सडकको दायाँ वायाँ १५ मिटरको क्षेत्र।

घ) सुनार ढाड देखि उपल्लो जेरिपोखरा चोक हुँदै आलम मन्दिर-आलम प्रा.वि- तल्लो जेरिपोखरा सम्म सडकको दायाँ वायाँ २० मिटरको क्षेत्र।

ङ) बगाले पोखरी देखि सान्तुम सम्म सडकको दायाँ वायाँ २० मिटरको क्षेत्र।

च) भुवाने देखि गैराटोल हुँदै रातामाटेको घर सम्म सडकको दायाँ वायाँ २० मिटरको क्षेत्र।

छ) काउले आधारभूत विद्यालय देखि सिरखर्क हुँदै गाउँको ठाटी सम्म सडकको दायाँ वायाँ २० मिटरको क्षेत्र।

ज) गोफ्ले गैरा देखि हलगाडे हुँदै सपाङ्दी कालिका आवि सम्म सडकको दायाँ वायाँ २० मिटरको क्षेत्र।

*१२) <u>वडा नं. ६, दौघाका देहाय बमोजिमका क्षेत्रमा रहेका जग्गालाई व्यवसायिक क्षेत्रमा वर्गिकरण गर्ने।</u>*

क) गैरिखुट्टा चोक देखि चनौटे उकालो हुँदै ठूलारेको गैरा पल्लिआँप सडकको दाँयाँ वायाँ ५० मिटर क्षेत्र सम्म।

ख) गैरिखुट्टा चोक देखि आदर्श आधारभूत विद्यालय हुदै भालुखोला सम्म सडकको दायाँवाँया १०० मिटर सम्मको क्षेत्र।

ग) दौघा जाईका रुखदेखि बीचगाउँ हुँदै वडा कार्यालय-ने रा मा.वि हुँदै दौघा स्वास्थ्य चौकी सम्म सडकको दायाँ वायाँ २५ मिटर क्षेत्र।

घ) हरि प्रा.वि. देखि शिवालय मन्दिर हुँदै घोरे ढुङ्गा चोक सम्म सडकको दायाँ वायाँ २० मिटरको क्षेत्र।

ङ) भ्याउतेपानी पधैंरा देखि ढकान बजार हुँदै मोहरे जाने चोकसम्म सडकको दायाँ वायाँ २५ मिटरको क्षेत्र।

च) पश्चिम पोखरा चोक देखि सात पोखरी हुँदै साधनेडाँडाँ सम्म सडकको दायाँ वायाँ ३० मिटरको क्षेत्र।

छ) पश्चिम पोखरा चोक देखि डोटा पोखरी चोक सम्म सडकको दायाँ वायाँ ३० मिटरको क्षेत्र।

**५. कृषि क्षेत्र वर्गिकरणः-**

१) दफा ३ को उपदफा (१)देखि (८) सम्म र दफा ४ मा वर्गिकरण गरिएको जग्गा बाहेको अन्य सबै प्रकारको निजी जग्गा कृषि क्षेत्रमा वर्गिकरण गर्ने।

**६. भू-उपयोग क्षेत्र बर्गिकरण गर्दा कुनै कित्ता दुई वा दुई भन्दा बढी क्षेत्रमा परेको खण्डमा भू-उपयोग नियमावली २०७९ बमोजिम कृषि क्षेत्रमा आवश्यक पर्ने क्षेत्रफल पुरा भएमा १००० वर्गमिटर कृषि क्षेत्रमा बर्गिकरण गर्ने अन्यथा देहाएको प्राथमिकताको आधारमा बर्गिकरण गर्ने :-**

क) व्यवसायिक क्षेत्र

ख) आवासीय क्षेत्र

ग) औधोगिक क्षेत्र

घ) कृषि क्षेत्र

ङ) सार्वजनिक क्षेत्र

गाउँ कार्यपालिका बैठकबाट स्वीकृत मितिः २०८०।०१।३१

**आज्ञाले**
**वीर बहादुर पुन**
**प्रमुख प्रशासकीय अधिकृत**